# बेथानचोक गाऊँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बेथानचोक-२, ढुंखर्क, काभ्रेपलाञ्चोक

## विक्रि तथा निकासी कर उठाउने सम्बन्धि शिलवन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७५।०३।०२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २(घ) ६ अनुसार यस गाऊं कार्यपालिकाबाट आ.ब. २०७५।७६ (२०७५ श्रावण १ गतेदेखि २०७६ आषाढ मसान्तसम्म) को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले स्थानीय राजश्व परामर्श समितिको सिफारीस एवं एवम् गाउं सभा/कार्यपालिकाको निर्णयानुसार तोकिएको दररेटमा स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित अनुमती/स्वीकृती प्राप्त खानी क्षेत्रहरुबाट स्विकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी रोडा, ढुंगा, ग्राबेल र माटो विक्री एवं निकासी कर संकलनको ठेक्का लिन ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको बिषय क्षेत्र भित्र शिलबन्दी बोलपत्र खरीद गरी पेश गर्न वा यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

| क्र. सं | आन्तरीक आय ठेक्का संकेत | ठेक्का को विषय क्षेत्र | आ.व.२०७५/७६ का लागि कायम न्यूनतम अंक (मु.अ.कर बाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी/ जमानत रकम | स्विकृत दररेट | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मलबस्तुको नाम | इकाई | करको दर रु. (मु.अ.क.बाहेक) |
| १. | १/IR/०७५/७६ | बेथानचोक गाउंपालिका क्षेत्रभित्रका खानी उत्खननका ढुंगा, रोडा, गिट्टी, ग्राभेल, माटो विक्रि | २,५०,००,०००।- (दुई करोड पचास लाख मात्र) | ५,०००।- | मु.अ.कर सहित कवोल अंकको ५ प्रतिशत | रोडा, गिट्टी | प्रति घन फिट | रु ३।०० |
| | | | | | | स्लेट | प्रति वर्ग फिट | रु.२।०० |
| | | | | | | ढुंगा, ग्राभेल | प्रति घन फिट | रु.२।०० |
| | | | | | | माटो | प्रति घन फिट | रु.१।०० |
| २. | २/IR/०७५/७६ | बेथानचोक गाउंपालिका क्षेत्रभित्र उत्पादन भई गाउँपालिका बाहिर निकासी हुने कर (ढुंगा, रोडा, गिट्टी, ग्राभेल, माटो) | ३,१०,००,०००।- (तिन करोड दश लाख मात्र) | ५,०००।- | | रोडा, गिट्टी, ढुंगा, ग्राभेल | प्रति घन फिट | रु. ३।०० |
| | | | | | | स्लेट | प्रति वर्ग फिट | रु. २।०० |
| | | | | | | माटो | प्रति घन फिट | रु. १।०० |
| | | | | | | सिसौ,साल (चट्टा गोलिया, चिरान) | प्रति ट्रक | रु. ३००।- |
| | | | | | | अन्य काठ (चट्टा गोलया, चिरान) | प्रति ट्रक | रु. २००।- |

ठेक्का सम्बन्धि शर्तहरु :

१. माथि उल्लेखित प्रत्येक विषयको लागि छुट्टाछुट्टै बोलपत्र फारम भरी छुट्टाछुट्टै पेश गर्नुपर्नेछ।

२. बोलपत्र फाराम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरीक भए नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलीपी, फर्मको हकमा अद्यावधिक फर्म दर्ता एवं अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलीपी, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७३/७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी साथै लिखित निवेदन संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय बेथानचोक गाउं कार्यपालिकाको कार्यालय ढुंखर्क काभ्रेपलाञ्चोकबाट खरिद गर्न सकिनेछ।

३. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ३१ (एकतीस)औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा दाखीला गर्न सकिनेछ। दाखिला हुन आएका बोलपत्रहरुसोही दिनको २:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।

४. बोलपत्र पेश गर्दा आफुले कवोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको **ग्लोबल आई.एम.ई. बैङ्क, ढुंखर्क शाखा, काभ्रेपलाञ्चोकमा** रहेको धरौटी खाता नं. **C501010000020** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानी-पत्र (Bank Bid Bond) अनिवार्य रुपले शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ।

५. बोलपत्र भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

६. बोलपत्र स्वीकृत सम्बन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कवोल अंकको २५ प्रतिशत रकम (मु.अ.कर लाग्ने ठेक्काको हकमा मु.अ.कर समेत) नगदै तथा बांकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको प्रत्येक किस्ता रकमको छुट्टा छुट्टै मु.अ.कर वापतको रकम समेतको कार्यसम्पादन जमानीपत्र सहित संझौता गर्न आउनु पर्नेछ।

७. ठेकेदारले सम्झौतामा तोकिएको बिषयक्षेत्रमा बोलपत्र फाराम साथ संलग्न दररेट बमोजिम मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउनेछ। कर तथा सेवा शुल्कको दररेट बोलपत्र फारामसाथ उपलब्ध गराईनेछ।

८. यस सूचनामा उल्लेख भए बमोजिम प्म नेपाल सरकार/दातृ निकायद्धारा संचालन हुने विकास आयोजनाहरुको लागी प्रयोग` निर्माणजन्य सामाग्रीको बिक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत **IEE**को परिधिभित्र रही)ले प्रयोग गरेको परिमाणको आधारमा बेथानचोक गाउँपालिकाले सम्बन्धित आयोजनाबाट बिक्री मुल्य असुल गर्नेछ।

९. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्बन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न बेथानचोक गाउँपालिकाले निर्णय गर्नेछ।

१०. सेवा शुल्क तथा कर उठाउने सम्पुर्ण दायीत्व ठेकेदारको हुनेछ। त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन। साथै, प्रचलित कानुन वमोजीम तिर्नुपर्ने सम्पुर्ण करहरु ठेकेदार स्वंयले वुझाउनु पर्नेछ।

११. अनुगमन समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कार्यवाही हुनेछ।

१२. जुन आ.व.को लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक बर्ष भित्र उक्त ठेकेदारले संकलन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो सो क्षेत्रबाट उठाईसक्नुपर्नेछ।

१३. ढुंगा, गिट्टी, बालुवा, ग्राभेल लैजांदा *covering* (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ।

१४. कुनै किमिको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१५. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१६. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलीत कानून बमोजिम हुनेछ।